# साना किसान विकास बैंक लि

को

## १५ औं वार्षिक साधारण सभाको काम कारवाही
## तथा निर्णय पुस्तिका (माइन्यूट)

२८ पौष, २०७३

कार्की बैङ्क्वेट, बबरमहल, काठमाण्डौं

साना किसान विकास बैंक लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास बैंक लि.

## १५ औं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

### 1. वैधानिक सभा

साना किसान विकास बैंक लि. (लघुवित्त विकास बैंक) को मिति २०७३ साल पौष ०५ गते विहीबार बसेको सञ्चालक समितिको २८० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम यस बैंकको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गर्ने निर्णय भएको थियो ।

1.1. सभाको मिति, स्थान र समय

| | |
|---|---|
| सभा हुने मिति | : २०७३/०९/२८ गते, बिहिबार |
| समय | : ११:०० बजे |
| स्थान | : काकी बैङ्केट, बबरमहल, काठमाडौं । |

1.2. **छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७२/०७३ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरुलगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० एवं कम्पनी ऐन, २०६३ को परिच्छेद -१८ को अधिनमा रही लेखापरीक्षक सी. ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ )

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७२/७३ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ५२,९५,३९३/०९ मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७२/७३ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/-को २५ प्रतिसतका दरले हुने जम्मा रु. १०,०६,१२,४६८/७५ बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(२) नियमावलीको उल्लिखित विषयमा संशोधन सम्बन्धमा ।

(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

## 2. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै सेयरधनीहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रियस्तरको दैनिक पत्रिका कारोबार दैनिकमा एवं यस बैंकको वेभसाईट www.skbbl.com.np मा मिति २०७३/०९/०६ गते र कारोबार दैनिकमा मिति २०७३/०९/१८ गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, यस बैंकको केन्द्रीय कार्यालय र सेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा सेयरधनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको थियो ।

## 3. उपस्थिति

### 3.1. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री दिलिप सिंह थापा | सञ्चालक |
| ३. श्री ज्ञानेश्वर आचार्य | सञ्चालक |
| ४. श्री सुखदेब न्यौपाने | सञ्चालक |
| ५. श्री रबिन्द्र यादब | सञ्चालक |
| ६. श्री उमेश लम्साल | सञ्चालक |
| ७. श्री भुपेश छत्कुली | सञ्चालक |

### 3.2. सेयरधनी (प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री प्रताप सुबेदी

२. नेपाल बैंक लि., प्रतिनिधि श्री द्वारिका घोडासैनी

३. नबिल बैंक लि., प्रतिनिधि श्री ज्ञानेश्वर आचार्य

४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट १४२ वटा संस्थाका १४२ जना

५. सर्बसाधारण सेयरधनीका तर्फबाट कुल सेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने २७३ जना ।

### 3.3. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. श्री जलन कुमार शर्मा | प्रमुख कार्यकारी अधिकृत |
| २. डा. शिवराम प्रसाद कोइराला | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |

### 3.4. अन्य उपस्थिति पर्यवेक्षक

| | |
|---|---|
| १. नवराज पण्डित | - प्रतिनिधि, धितोपत्र बोर्ड |
| २. श्री मितेन्द्र धौभडेल | - प्रतिनिधि, बाह्य लेखा परीक्षक |

३. श्री नवराज सिम्खडा - परामर्शदाता

४. श्री पोषणराज लामिछाने - कानूनी सल्लाहकार

५. श्री रुद्र भट्टराई - महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

६. श्री प्रबेश काफ्ले - रिपोर्टर, न्युज२४ अभियान कार्यक्रम

७. श्री सुवास नेपाल - रिपोर्टर, माउण्टेन टेलिभिजन

८. श्री विनोद श्रेष्ठ - न्युज एजेन्सी नेपाल

९. श्री रोशन थापा - कारोबार दैनिक

१०. श्री अनिल श्रेष्ठ - कृषि टेलिभिजन

११.श्री राम पौडेल - एनटिभि प्लस

१२. श्री शिव प्रसाद पौडेल - एनटिभि प्लस

१३. श्री सिर्जना थापा - रेडियो नेपाल

## 4. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल सेयर संख्या | सेयर संख्या | उपस्थित सेयर संख्या | कुल सेयर मध्ये प्रतिनिधित्व भएको सेयर संख्या | कुल सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ८८६५७३.२५ | १ | ८८६५७३.३ | २२.०३% |
| नेपाल बैंक लि. | १ | २४४३५१.२५ | १ | २४४३५१.३ | ६.०७% |
| नबिल बैंक लि. | १ | १२२१७६.७५ | १ | १२२१७६.८ | ३.०४% |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | १५६११९७.५ | १४२ | १०३६४७७ | २५.७५% |
| सर्वसाधारण सेयरधनीहरु | १२६४९ | १२१०२०० | २७३ | २४५८६० | ६.११% |
| **जम्मा** | १२८८३ | ४०२४४९८.८ | ४१८ | २५३५४३८ | ६३.००% |

## 5. सभाको वैधानिकता र सभा सञ्चालन

5.1. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकका पन्ध्रौं वार्षिक साधारण सभामा राखिएको सेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने सेयरधनीको संख्या ४१८ भएको, कुल सेयरसंख्याको ६३% प्रतिशत प्रतिनिधित्व भएको, कानून अनुसार उक्त प्रतिनिधित्व संख्या साधारण सभाको गणपूरक संख्या पुगेको हुँदा कम्पनी सचिव श्री झलेन्द्र भट्टराइले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

5.2. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

5.3. सञ्चालक एवं आमन्त्रित अतिथिको आसन ग्रहण सम्पन्न गरी सम्पूर्णको सहभागितामा सामूहिक रुपमा राष्ट्रिय गान सम्पन्न भयो ।

5.4. अध्यक्षको सहमतिबाट साधारण सभामा उपस्थित सेयरधनीहरुलाई प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले बैंकका गतिविधि माथि प्रकास पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

5.5. सभाध्यक्षज्यूबाट पानसमा द्विप प्रज्वलन गरियो ।

5.6. पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## 6. वार्षिक साधारण सभाको प्रस्तुती

6.1. सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७२/०७३ को सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु सभामा पढेर सुनाउनु भयो ।

6.2. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक सेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह  विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा पेश भएका प्रस्तावहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## 7. छलफलमा सेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा सेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

<u>सेयरधनी उद्धव प्रसाद घिमिरे</u>

- बैंकको राम्रो पक्ष महिला सहभागिता हो । तर बोर्डमा पनि महिला प्रतिनिधित्व गराउन पाए राम्रो हुने थियो । अरु वित्तीय संस्थामा पनि महिला सहभागिता छ । लगानी कर्ताले खोज्ने प्रतिफल अरु थोक कर्जा प्रदायक लघुवित्त संस्थाको तुलनामा अति राम्रो दिएको छ । बार्षिक प्रतिवेदन प्रस्तुति अलि छोटो बनाउँदा राम्रो हुन्छ । व्यालेन्सिटको साइज बढेको छ । सिइओ डाइनामिक हुनु भएको देखिन्छ । यी कुराले कम्पनी सवल छ भन्ने देखिन्छ । कम्पनि सचिवलाई पनि विशेष धन्यवाद छ । भोलिको दिनमा यो बैंक उदाहरणीय बनोस । व्यालेन्सिटमा विषय सुचि छैन । चरीको त घर हुन्छ तर यो बैंकको घर छैन । भवन बनाउनु पर्‍यो ।

<u>सेयरधनी</u> <u>अमृतनाथ रेग्मी</u>

- कुल सम्पत्तिलाई पैसामा देखाउनु भएन रुपियामा देखाउनु पर्यो । सेयरको बर्तमान संरचना नबिग्रिने गरी पब्लिक शेयर ५ प्रतिशत बढाउनु राम्रो हुन्छ । बार्षिक प्रगति प्रतिवेदन चिटिक्क र सानो हुनुपर्छ जसमा आगामी ५ वर्षको भिजन प्रष्ट देखियोस् ।
- यस बैंकको वित्तीय स्रोत कर्जा सापटीमा निर्भर छ । थोक कर्जा प्रदायक संस्थाको हिसाबले पनि यो गरिएको होला । तर बाह्य कर्जाको स्रोत दीगो हुँदैन । कुनै पनि एक स्रोतमा निर्भर हुनु जोखिम पूर्ण पनि छ । तसर्थ कर्जा पनि र सर्वसाधारणबाट निक्षेप संकलन पनि सहितको मिश्रित संरचनामा जानु पर्ने समय आए जस्तो लाग्छ ।
- गरिबी न्यूनीकरणका लागि गरीब र विपन्नमा केन्द्रित भई दुरदराजमा गई काम गर्ने संस्थालाई कमर्सियल बैंक सरहको कर लगाउनु पटक्कै न्याय संगत छैन । सञ्चालक समितिले नेपाल सरकारसँग हामी सेयरधनीको आवाज पुर्‍याईदिनु पर्‍यो । गरीबी न्यूनिकरण महिलाहरुमा लगानी गर्ने बैंकलाई कर बढी लगाउनु भएन । गरीबले कमाउन सक्ने भएपछि राज्यमा करको दायरा बढ्छ । तसर्थ यस्तो बैंकलाई कर लगाए पनि १० प्रतिशत हुनु पर्छ ।

- सञ्चालक समितिमा एकजना लेडिज पनि डाइरेक्टर हुनु पर्छ । व्यवसायिक सञ्चालक महिला भए राम्रो ।
- ग्रोथ राम्रो छ । यसकालागि धन्यवाद दिन चाहान्छु ।

<u>सेयरधनी श्री रामगोपाल महर्जन</u>

- २५% बोनस दिएकोमा धन्यवाद, भुकम्पका क्षतिका कारण असर पर्ने डर थियो ।
- २२ करोड नाफाबाट ३२ करोड नाफा भएकोले आगामी वर्ष समेत बृद्धि हुने विश्वास छ ।
- बैंकले समय सुहाउँदो सफ्टवेयर व्यवस्था गर्नुपर्ने ।
- प्रवर्धक सेयरधनीमा ३९% साना किसान नै भएकोले अति राम्रो लाग्यो ।
- भाखा नाघेको कर्जा कम हुनु राम्रो हो ।
- यति राम्रो इक्वीटी भएको बैंकको आफ्नो भवन पनि हुनुपर्ने । अर्को साधारण सभामा भवन निर्माण आरम्भ भएको सुन्न पाइयोस् ।
- चालु आ.व.को प्रथम ५ महिनाको प्रगति कम भएकोले यस तर्फ ध्यान दिनु पर्‍यो ।

<u>सेयरधनी श्री लवराज जोशी</u>

- कृषि विकास बैंकमा लामो अनुभव लिनु भएका प्रमुख जलन कुमार शर्माज्यूले बैंक राम्रो बनाउनु भएको छ । बैंकको नाम र भविष्यको बारेमा के सोच्नु भएको छ ?
- हिजो मात्र संसदमा टेबुल भएको बैंक तथा वित्तीय संस्था ऐनले लघुवित्त बैंकहरुलाई “बैंक” लेख्न नपाउने समाचार सुने । त्यो बारेमा अध्यक्षको प्रतिवेदन र प्रमुख कार्यकारी अधिकृतले केही भनेको सुनिएन । जानकारी दिनु होला ।
- प्रतिवेदन अघि दिएको भए हुन्थ्यो ।
- खाजा खाना राम्रो दिएर सेयरधनीहरुलाई सम्मान गर्नुपर्थ्यो । व्यवस्थित भएको देखिएन ।
- नेपालमा केरा, लसुन प्याज देखि खशी बोका समेत आयात हुन्छ । युवाहरु विदेश पलायन भएका छन् । यही उत्पादन र रोजगारी दिन सकिन्छ । लगानी मात्र हैन रोजगारीमा समेत ध्यान दिनुपर्छ । कृषि बिमा गर्नुपनि आवश्यक छ । ऋतुहरुमा तिमि हरियाली बसन्त हौ नदीहरुमा तिमि पवित्र गंगाा हौ । जय साना किसान ।

<u>सेयरधनी संस्थाका प्रतिनिधि श्री पदम खनाल</u>

- देशमा धेरै परिवर्तन आयो । तर केन्द्रीकृत नीति नै सधै हावी हुन्छ । सधै साधारण सभा काठमाडौमा नराखौन भन्यो । त्यो कहिले पुरा भएन । चितवनसम्म भएनी त्यहाँ गएर गरौं । यो प्रस्ताव पास गर्न अनुरोध गर्छु ।
- सञ्चालक समितिको भत्ता बढाउन प्रस्ताव भएको छ । भत्ता पाइन्छ भनेर महिनामा धेरै बैठक नियत बस धेरै वटा बैठक बस्नु चैं भएन ? यसमा विचार पुर्‍याउनु पर्छ ।
- गोष्ठीमा त विभिन्न विषयका विज्ञहरुबाट प्रशिक्षण गराइनु पर्ने होईन र । एउटै मान्छे जुन विषयको पनि प्रशिक्षक हुने परिपाटी अन्त्य गर्नु पर्‍यो ।

<u>सेयरधनी प्रतिनिधि श्री किशोर कुमार भट्टराई</u>

- म संस्थागत सेयरधनीको तर्फबाट केही कुरा राख्न चाहान्छु । तपाई विज्ञहरुले विचार गरेर बैंकलाई हाक्नु होला । हामीले प्रतिफलभन्दा पनि सेवा प्रभावकारिता बढाउन र आम्दानी बढाउने काम गर्नुपर्छ । हामी साना किसानहरुले बैंकमा नाफा खान लगानी गरेको होईन । साना किसानहरुको जिवनस्तर उकास्न बैंकले मद्दत गर्छ भनेर लगानी गरेको हो । यहाँ व्याज बढाउने कुरा आयो । अहिले नै साना किसानको व्याज बढी छ । नाफा बढाउने होईन व्याज घटाउने तर्फ सोच्नु पर्‍यो ।

सेयरधनी श्री कृष्ण काश्यप -कृष्ण प्रसाद अधिकारी

- २५% बोनस शेयर दिएको छ। यो अत्यन्त ठूलो कुरा हो र यसको बृद्धि हुदै जानु पर्‍यो। यो योग्यता प्रमुख कार्यकारी अधिकृतमा छ। अर्को पाला ४० प्रतिशत पुर्‍याओस्।
- सदस्यतामा महिलालाई प्राथमिकता दिईएको र देशको तराई भुभागमा कार्यक्रम अलि बढी फोकस गरेको देखियो। तराईमा मात्र बढि ध्यान दिएको देखिएको छ। यस बैंकको कार्यक्रमले तराई हेपिएको होइन हिमाल, पहाड हेपिएको देखिएको छ। यसबाट तराई नै विकासको मुलधारमा बढी लाभान्वित भएको देखिएकोले तराईका हाम्रा साना किसानहरुले सबै सदस्यलाई भन्नु पर्‍यो कि तराई ठगिएको छैन, बरु पहाड नै उपेक्षित छ भन्ने सन्देश छर्न सक्नु पर्‍यो।
- पुस्तकमा कतिपय गल्तीहरु भएको र पछि सचिएको छ।
- अधिकृत पुँजी कति हो ? रु. ६४ करोड पुँजी पुर्‍याउनका लागि बैंकले गरेको योजना देखि कार्यक्षेत्र हिमालतर्फ कम भयो। आगामी दिनमा बैंकको बार्षिक प्रतिवेदन पुस्तिकामा कार्यक्रमको परिचयलाई बढि स्थान दिएर अध्यक्षज्यूले वाचन गर्ने प्रतिवेदनले छोटो बनाउन सुझाव दिन्छु।

सेयरधनी, श्री चन्द्र नारायण श्रेष्ठ

- साना किसानमा संलग्न हुने र नहुने सबैलाई आत्मनिर्भर बनाउन सकेमा यो देशको विकास हुन्छ।
- कष्टअफ फण्ड २.५% छ। ब्याज आम्दानी ६४ प्रतिशत छ। खूद नाफामा ३५% बृद्धि २५% मुनाफा दिने प्रस्ताव ल्याएकोमा धन्यवाद, प्रगति बृद्धिको समेत धन्यवाद !
- छापिएको प्रतिवेदन पुस्तिका भरखर मात्र पाएकोले तुलना गर्ने समय भएन। समयमा प्रतिवेदन उपलब्ध गराउन सुझाव छ।
- पुँजी बृद्धि गर्न सुझाव छ। शहरी गरिबलाई सेवा दिनु परयो। भुकम्प पिडितलाई मैले पनि स्वयम्सेवक भएर सहयोग गरेको हो। भुकम्पमा ज्यान गुमाउने र क्षति पुगेकाहरु प्रति समवेदना र दुःख व्यक्त गर्दछु कर्मचारी खर्चमा २५% बृद्धि हुनु बढि भयो हामी १०-१५% लाई सामान्य मान्दछौं। साना किसानको प्रगति होस् शुभकामना छ।

सेयरधनी प्रतिनिधि, श्री प्रताप सुवेदी, कृषि विकास बैंक

- सौहार्दपूर्ण रुपमा साधारण सभा सम्पन्न होस्। कृषि विकास बैंकबाट सञ्चालित कार्यक्रमले यो रुप लिएकोमा खुशी लाग्छ। बाणिज्य बैंकको स्तरमा वित्तीय विवरण बनेको छ। प्रति शेयर आम्दानी राम्रो छ। यो लेभलको प्रतिफल कमै बैंकले दिन सक्छ। प्रमुख कार्यकारी अधिकृतज्यूको नेतृत्व अत्यन्त सफल छ। यस बैंकको अझै भविश्यमा राम्रो प्रगति होस्।

## 8. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण सेयरहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो।

8.1. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- साधारणसभा काठमाडौ बाहेक बाहिर तिर पनि गर्नु पर्छ भनी आवाज आएको छ, तर कम्पनी ऐनले साधारणसभा कम्पनी दर्ता भएको जिल्ला वा सो सँग जोडिएको जिल्ला सम्म जान सकिने व्यवस्था कम्पनी ऐनमा रहेको छ।

- व्यक्तिगत शेयरधनीहरु बोनस धेरै देउ भन्नुहुन्छ भने संस्थाका साथीहरु बोनस भन्दा बढी गुणस्तरिय सेवा र विभिन्न कार्यक्रमहरुको माग गर्नुहुन्छ । हामी सकभर यी दुवै कुरा कसरी गर्न सकिन्छ भन्नेमा लागीरहेका छौं ।
- सञ्चालकहरुको भत्ता २,०००। वृद्धि गर्ने भन्ने कुरालाई किन यती धेरै चासो दिइयो । हामीहरु त संस्थाको भारी बोकेर आएका छौं ।
- हाम्रो कामको प्रकृति र उद्येश्य अरु बैंकको भन्दा भिन्न छ तसर्थ नाफा मात्र हेरेर हुदैन, हामीले देशका दुरदराजमा रहेका विपन्न र निमुखा किसानहरुलाई सेवा पु-याउनु छ ।
- अन्तर्राष्ट्रियस्तरको पुरस्कार पाउन हामी सबै लागौं । सबैले मिहिनेत गर्दा अवश्य पनि त्यो चिज प्राप्त गर्न सकिन्छ ।
- बैंकको घर बन्न प-यो भन्नुभएको छ, निश्चय पनि त्यो आवश्यक हो र घर, जग्गाको लागी हामी दाताको खोजी गरिरहेका छौं ।
- बैंक अब सबै जिल्लामा पुग्न आवश्यक छ भन्ने कुरा लाई महत्व दिएर सेवा विस्तारमा लागी परेका छौं ।
- बाफिया भर्खर आएको छ अबका दिनमा यसलाई हेरेर अगाडी बढ्नुपर्ने हुन्छ ।
- साधारणसभामा शेयरधनीहरुलाई राम्रो सत्कार भएन भन्ने आवाज सुनियो । बैंकबाट कहिँ कतै गलत व्यवहार भएको भए म यहाँहरु समक्ष माफी माग्न चाहान्छु ।
- पशुपालन बाहेकका अन्य कृषि व्यबसायमा पनि सुहलियत ऋण उपलब्ध गराउने प्रयासमा हामी निरन्तर लाग्ने छौं ।
- बैंकले पुँजीको लागतका आधारमा ब्याजदरलाई समसामयिक बनाउँदै आएको छ ।
- इजरायल गए पछि के के गर्ने भन्ने निर्धारण हुन्छ । त्यहाँ समयको महत्व थाहा हुन्छ । जिवनको महत्व थाहा हुन्छ । अनगिन्ती कुराको अनुभव हुन्छ ।
- यहाँहरुबाट धेरै राम्रा सुझावहरु आएका छन् । सुझावहरु माथि छलफल गरेर आगामी दिनमा उचित कार्यक्रमहरु विकास गर्न धेरै सहयोग मिल्ने छ । यसका लागि तपाइँहरु सबैलाई धन्यवाद छ ।

8.2. <u>बैंक व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माबाट सभा समक्ष देहाय अनुसार स्पष्ट पार्नु भयो ।</u>

- सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । आगामी दिनमा बैंकका काम कारवाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोवारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ ।
- लघुवित्त बैंकले बैंक लेख्न नपाउने भन्ने कुरा कानुन आएपछि कस्तो रुपमा आउछ हेरौं । तर हाम्रो साना किसान भन्ने जुन पहिचान छ । हामीलाई यही पहिचान काफी छ । बैंकको आफ्नै भवन बनाउने प्रयासमा हामी छौं ।
- ब्याजदर कम गर्ने कुरामा अहिले तरलताको केही समस्या देखएर ब्याजमा चाप परेको छ । हामी साना किसानसँग बढी ब्याज लिने पक्षमा कहिल्यै छैनौ ।
- यो बैंकले डिपोजिट लिदैन । अरु बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिएर त्यो ऋण पुँजीबाट लगानी गर्दै आएको छ ।

- ऋण जोखिम कोष हामीले राम्रो व्यवस्था गरेका छौं । जोखिम कम भयो भने त्यो रकमले प्रतिफल नै दिन्छ । भुकम्पले सिर्जना गरेको जोखिमलाई हामीले बुद्धिमत्तापूर्वक व्यवस्थापन गऱ्यौं ।
- हामी अरु लघुवित्त संस्थासँग तुलना गर्दैनौं । यो बैंक साना किसानले खडा गरेका बैंक हो । हामीले साना किसानहरुको संस्था निर्माण गर्छौं । अरुले त्यो काम गर्दैनन् । हामी कृषि उत्पादनमा जोड दिन्छौं । अरु असुलीमा जोड दिन्छन् ।
- इजरायल गएर फर्कने बिद्याथीहरुले यहाँ आएर गर्ने कामले यो देशकालाई आर्थिक सम्बृद्धि गराउने बाटोमा सहयोग गर्छ भन्ने लाग्छ ।
- अर्को बर्षदेखि सम्भव भएसम्म साधारण सभा अगाडी नै सेयरधनी महानुभावहरुको हातमा बार्षिक प्रतिवेदन पुऱ्याउने प्रयास गर्ने छौं ।
- प्रतिवेदनको शुद्धाशुद्धिको लागी आगामी दिनमा अझै बढी सजग हुनेछौं ।

8.3. <u>बैंकका कम्पनी सचिव तथा का.मु.मुख्य प्रबन्धक श्री झलेन्द्र भट्टराई -</u>

अध्यक्षको आदेश अनुसार कम्पनी सचिवद्वारा सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने सेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाईएको थियो ।

## 9. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि अध्यक्षको आदेश अनुसार कम्पनी सचिवले छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लगि एक एक गरी प्रस्तुत गर्नु भएकोमा सभामा उपस्थित सेयरधनीहरुले थपडी बजाएर प्रस्ताव स्वीकृत गरेको जनाउ दिनु भएकोले देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नु भयो :

**<u>(क) सामान्य प्रस्ताव</u>**

***१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७२/७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।***

<u>निर्णय</u>

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

***२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७२/७३ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिने सम्बन्धमा ।***

<u>निर्णय</u>

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७२/७३ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७३/०७४ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ६० एवं कम्पनी ऐन, २०६३ को परिच्छेद-१८ को अधिनमा रही लेखापरीक्षक सी.ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको नाम सिफारिस भई आएको छ ।)*

निर्णय
यस बैंकको आ.व.२०७३/०७४ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैंकको लेखा परीक्षण समितिको मिति २०७३/०९/०५ को सिफारिसका आधारमा सहित सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा कर लेखापरीक्षण सहित आ.व.२०७३/०७४ को लागि लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षकमा सी. ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्ति गर्ने निर्णय पारित गरियो । निजको पारिश्रमिकको हकमा भ्याट/कर सहित रु. २,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार) मा नबढ्ने गरी निर्धारण गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

*(४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७२/७३ को कारोबारबाट भएको मुनाफामध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु.५२,९५,३९३/०९ मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरणगर्ने ।*

निर्णय
सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७२/७३ को कारोबारबाट भएको मुनाफामध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु.५२,९५,३९३/०९ मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्न सर्वसम्मतिले स्विकृत प्रदान गरी निर्णय पारित गरियो ।

**(ख) विशेष प्रस्ताव :**

***(१) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७२/७३ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/- को २५ प्रतिसतका दरले हुने जम्मा रु. १०,०६,१२,४६८/७५ बराबरको बोनस सेयर वितरण*** गर्ने र बोनस सेयर जारी ***पश्चात कायम हुने भिन्न अंक*** (Fraction) ***लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।***

निर्णय :
सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७२/७३ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. ४०,२४,४९,८७५/- को २५ प्रतिसतका दरले हुने जम्मा रु. १०,०६,१२,४६८/७५ बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्न स्वीकृति दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

*(३) नियमावलिका उल्लिखित विषयमा संशोधन सम्बन्धमा ।*

निर्णय :
सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाका विषयमा बैंकको नियमावलीको नियम २९ को उपनियम १ को खण्ड (ख) को सट्टामा देहाय बमोजिम नियम २९ को उपनियम (१) को खण्ड (ख) राखी संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

नियम २९ को उपनियम १ को खण्ड (ख)

सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने भत्ता जनही रु. ५,०००।- (अक्षेरेपी पाँच हजार मात्र ) हुनेछ ।

***(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।***

निर्णय :
यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका क्रममा नियामक निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा पेश भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**10. सभा विसर्जन**

10.1. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

10.2. सभाको अन्त्यमा सम्पूर्ण सेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

10.3. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । पन्ध्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि सेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| .......................... | .............................. |
| **(झलेन्द्र भट्टराई)** | **(खेम बहादुर पाठक)** |
| कम्पनी सचिव | अध्यक्ष |

**२८ पौष, २०७३**